# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) अनुसारको प्रयोजनको लागि भन्सार विभागसँग सम्बन्धित २०७३ बैशाख देखि असार सम्मका सूचनाहरु उक्त दफा ५ को उपदफा (४) वमोजिम अद्यावधिक गरी प्रकाशन गरिएको छ ।

**(क) निकायको स्वरुप र प्रकृतिः-** नेपाल सरकारको कार्य सञ्चालनको लागि नेपाल सरकार (कार्य विभाजन) नियमावली २०६९ वमोजिम स्थापित ३१ वटा मन्त्रालयहरु मध्ये अर्थ मन्त्रालय अन्तर्गत रही राजस्व प्रशासन क्षेत्रसँग सम्बद्ध कार्य गर्ने विभागीयस्तरको निकायको रुपमा भन्सार विभाग क्रियाशिल रहेको छ ।

**(ख) निकायको काम, कर्तव्य र अधिकारः-** भन्सार विभागको काम, कर्तव्य र अधिकार देहाय अनुसार तोकिएका छन् :-

- भन्सार प्रशासनसँग सम्बद्ध विषयहरुमा नीति तर्जुमा गरी अर्थ मन्त्रालयमा सिफारिस गर्ने ।
- नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरे बमोजिमका व्यक्तिहरुले वैंक जमानत, सोही सूचनामा तोकिएवमोजिम मालवस्तुमा महसुल छुट सुविधा अन्तर्गत पैठारी गर्ने सुविधा प्रदान गर्ने ।
- आयात निर्यातलाई व्यवस्थित गरी व्यापार सहजीकरण गर्ने ।
- भन्सार सुधार तथा आधुनिकीकरणका निम्ति योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने, इन्टेलिजेन्स तथा जोखिम व्यवस्थापन मार्फत राजस्व परिचालनलाई सुरक्षित बनाउने, अवैध व्यापार नियन्त्रण गर्ने ।
- निषेधित एवम् प्रतिबन्धित मालवस्तु ओसारपसार निगरानी गरी समाजलाई सुरक्षित बनाउने ।
- मातहतका कार्यालयहरुको नियमित अनुगमन गरी सेवाप्रवाहलाई प्रभावकारी बनाउने ।
- कर्मचारीहरुको मनोबल अभिवृद्धि एवम् सदाचार पद्धतिको विकासमा ध्यान दिने ।
- विद्यमान ऐन कानून अनुरुप समूचित राजस्व सङ्कलन गर्ने ।
- वण्डेड वेयरहाउसको सुविधा प्रदान तथा नविकरण गर्ने ।
- भन्सार एजेन्टको इजाजतपत्र प्रदान तथा नविकरण गर्ने ।

- भन्सार राजस्व लक्ष्य अनुसार संकलन गर्ने ।
- भन्सार कार्यालयहरुमा आवश्यक बजेट उपलब्ध गराउने ।
- बढुवा नयाँ भर्ना बाहेक जनशक्ति व्यवस्थापन गर्ने ।
- स्वेदशी तालिममा मनोनयन गर्ने, विदेशी तालिम मनोनयनको लागि सिफारिस गर्ने ।
- जिन्सी निरीक्षण र व्यवस्थापन गर्ने ।
- विभाग तथा कार्यालयहरुको बजेट तर्जुमा, निकासा र वाँडफाँड गर्ने ।
- बजेट खर्च तथा अनुगमन गर्ने ।
- केन्द्रीय हिसाव राख्न आर्थिक विवरण तयार गर्न र म.ले.प. गराउने ।
- वेरुजु फछ्र्यौट गर्ने गराउने ।
- स्थानीय भन्सार कार्यालयको नियमित अनुगमन / निरीक्षण गर्ने ।
- भन्सार एजेन्टको नियुक्ति नविकरण तथा अनुगमन गर्ने ।
- विश्व भन्सार संगठन सित आवश्यक सूचना प्रवाह गर्ने ।
- बैंक ग्यारेन्टीको अनुगमन गर्ने ।
- कारोवार मुल्यको अनुगमन गर्ने र कार्यालयलाई मूल्यांकनको तथ्यांक उपलब्ध गराउने ।
- स्थानीय भन्सार नाकाहरुवाट निर्धारण गरेका कारोवार मूल्यको विश्लेषण गर्ने ।
- मूल्यांकन सम्बन्धी पुनरावलोकन गर्ने ।
- छनौटको आधारमा Post Clearance Audit (PCA) गराउने ।
- भन्सार सूचना प्रणाली (ASYCUDA) विस्तार कार्यान्वयन र अनुगमन गर्ने ।
- भन्सार प्रशासनलाई यान्त्रिकरण तथा आधुनिकीकरण गर्ने योजना वनाउने ।
- विद्युतीय संचार प्रणाली प्रभावकारी रुपमा विकास गराउने ।
- राजस्वको दैनिक, मासिक तथा वार्षिक असूली अभिलेख अद्यावधिक गर्ने, तथ्यांक प्रशोधन तथा विश्लेषण गर्ने ।
- वार्षिक रुपमा वैदेशिक व्यापारको वस्तुगत तथ्यांक विवरण तयार गर्ने ।
- द्धिविधा परेका वस्तुहरुको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परामर्शवाट वर्गीकरणको टुंगो लगाउने ।
- भन्सार दरवन्दी संशोधनको प्रारम्भिक प्रस्ताव तयार गर्ने र निर्णय भएपछि दरवन्दी पुस्तिका प्रकाशित गर्ने ।
- कानून वमोजिम भन्सार महसुल छुट दिने ।

- भन्सार कार्यालयहरु निरीक्षण तथा अनुगमन गरी सुधारका निम्ती कार्ययोजना वनाई लागू गर्ने ।
- विभिन्न किसिमको रासायनिक पदार्थ र अन्य वस्तुहरुको नमूना परीक्षण गरी वर्गीकरणको निर्णय गर्ने ।
- भन्सार प्रशासनसँग सम्वन्धीत उजुरीको आवश्यक फछ्यौट गर्ने ।

**(ग) निकायमा रहने कर्मचारी संख्या र कार्यविवरणः-**

**कर्मचारी संख्याः**

- रा.प. प्रथम श्रेणी (प्रशासन) पद संख्या ३
- रा.प. द्वितीय श्रेणी (राजस्व) पद संख्या ६
- रा.प. द्वितीय श्रेणी (प्रशासन) पद संख्या १
- रा.प. द्वितीय श्रेणी (लेखा) पद संख्या १
- रा.प. द्वितीय श्रेणी (केमिष्ट्री) पद संख्या १
- रा.प. द्वितीय श्रेणी (आर्थिक योजना तथा तथ्यांक) पद संख्या १
- रा.प. द्वितीय श्रेणी (विविध) पद संख्या २
- रा.प. तृतीय श्रेणी (राजस्व) पद संख्या २१
- रा.प. तृतीय श्रेणी (सा.प्र.) पद संख्या २
- रा.प. तृतीय श्रेणी (विविध) पद संख्या ११
- रा.प. तृतीय श्रेणी (इन्जि कम्प्यू) पद संख्या ३
- रा.प. तृतीय श्रेणी (लेखा) पद संख्या १
- रा.प. तृतीय श्रेणी (आर्थिक योजना तथा तथ्यांक) पद संख्या २
- रा.प. तृतीय श्रेणी (कानून) पद संख्या १
- रा.प. तृतीय श्रेणी (केमिष्ट) पद संख्या ३
- माइक्रोबायोलोजिष्ट (सेवा करार) पद संख्या १
- रा.प.अ. प्रथम श्रेणी (राजस्व) पद संख्या २८
- रा.प.अ. प्रथम श्रेणी (लेखा) पद संख्या २
- रा.प.अ. प्रथम श्रेणी (विविध) पद संख्या २
- रा.प.अ. प्रथम श्रेणी (केमिष्ट्री) पद संख्या २

- रा.प.अ. प्रथम श्रेणी (सा.प्र.) पद संख्या १
- रा.प.अ. प्रथम श्रेणी (सा.प्र.) टाइपिष्ट पद संख्या ४
- रा.प.अ. प्रथम श्रेणी (आर्थिक योजना तथा तथ्यांक) भ.स.नि. पद संख्या १
- रा.प.अ. द्वितीय श्रेणी (इलेक्ट्रिसियन) पद संख्या १
- रा.प.अ. द्वितीय श्रेणी (अ.ल्या.टे.) पद संख्या १
- हलुका सवारी चालक पद संख्या १०
- ल्याब ब्याई (सेवा करार) पद संख्या १
- कार्यालय सहयोगी पद संख्या २०
- स्वीपर पद संख्या २

**कूल जम्मा १३५**

**(ङ) सम्पादन गरेको कामको विवरणः-**

- वण्डेड वेयर हाउस सुविधाको लागि नयाँ इजाजतपत्र प्रदान गरिएको सङ्ख्या- २ वटा ।
- वण्डेड वेयर हाउस सुविधाको लागि इजाजतपत्र नविकरण गरिएको सङ्ख्या- ७७ वटा ।
- भन्सार एजेन्टको इजाजतपत्र नविकरण गरिएको सङ्ख्या- ९३ वटा ।
- Hot line, Hello सरकार लगायत विभिन्न निकायमा परेका २० वटा उजुरीहरुको फछ्र्यौट गरिएको ।
- भन्सार नाका परिवर्तनको लागि २५१ वटा कारोवारहरुलाई स्वीकृती प्रदान गरिएको ।
- महसुल वर्गीकरणको गरिएको - ७ वटा ।
- बैशाख देखी असार सम्मको अवधिमा रु ३९१६१६०००|- वेरुजु फछ्र्यौट गरिएको ।
- WAN अन्तर्गत प्रत्यक्ष अनुगमनवाट देखिएका कैफियतहरुको सच्चयाउन लगाएको कारणवाट रु. १४६५२६०४|- थप प्राप्त राजस्व प्राप्त भएको ।
- भन्सार ऐन २०६४ को दफा ९ वमोजिम २५९ वटा consignment हरुमा कुटनैतिक सुविधा प्रदान गरिएको ।
- भन्सार ऐन २०६४ को दफा ९ वमोजिम २७९ वटा consignment हरुमा महसुल सुविधा प्रदान गरिएको ।
- भन्सार ऐन २०६४ को दफा ९ वमोजिम विभिन्न आयोजनाहरुको ३२ वटा consignment का लागि छुट सुविधा प्रदान गरिएको ।
- ५५४ वटा वस्तुहरुको प्रयोगशाला परीक्षण संख्या तथा वर्गीकरण गरिएको ।
- १ पटक भन्सार मूल्यांकन गोष्ठी सम्पन्न भएको ।
- विभिन्न माध्यम (सेवाग्राही स्वयं उपस्थिति, टेलिफोन सम्पर्क र ईमेल) वाट जम्मा २१५९ जना सेवाग्राहीवाट सोधिएका मुख्य मुख्य प्रश्नहरुको जवाफ प्रदान गरिएको ।
- विभागका उपमहानिर्देशकज्यूको नेतृत्वमा विभिन्न भन्सार कार्यालयहरुको स्थलगत अनुगमन र निर्देशन भएको ।
- नेपालको भन्सार प्रशासनलाई उपयुक्त हुने विश्वव्यापार संगठन र विश्व भन्सार संगठनका Convention/Tools/Instruments सम्बन्धमा अध्ययन गरिएको ।
- विराटनगर भन्सार कार्यालयमा Time Release Study गर्नकोलागि Environmental Scanning गरी Process Mapping र Questionnaire Design को कार्य सम्पन्न गरिएको ।

- संसोधित क्योटो अभिसन्धीका सामान्य अनुसूची तथा विशेष अनुसूचीका मापदण्ड अनुरुप भन्सार ऐन नियममा संशोधन गर्न कानुनी प्रस्ताव तयार गरिएको ।
- राजस्व प्रशासन तालिम केन्द्रको तत्वाधानमा संचालित एकहप्ते राजस्व अधिकृतहरुको लागि ASYCUDA Functional तालिम संचालन गरेको ।
- भैरहवा भन्सार कार्यालयमा Video Conference सम्वन्धी क्यामरा जडान गरी संचालनमा ल्याईएको ।
- भन्सार मूल्याकंनलाई यथार्थ परक बनाउने प्रयोजनको लागि सवारी साधन उत्पादक मुलुकका राजदुतावास वा कुटनितिक नियोगबाट मूल्य सम्बन्धी सूचना प्राप्त गर्न श्री परराष्ट्र मन्त्रालयलाई अनुरोध गरी पत्र पठाईएको ।
- भन्सार मूल्याकंनको विषयमा अमेरीकी सरकारद्धारा पठाईएको नोटिफिकेशनको जवाफ तयार गरी श्री वाणिज्य मन्त्रालयमा पठाईएको ।
- ASYCUDA WORLD (NECAS) को Automatic Gate Entry System तयार गरी परीक्षणका लागि तयार गरिएको ।
- ASYCUDA WORLD प्रणालीमा रातो, निलो, पहेलो र हरियो बाटो (Lane) को परीक्षण कार्य सम्पन्न भएको ।
- निकासी पैठारीका लागि सहयोग एवं व्यवस्थित गर्न बनेको EXIM Code नामक Software तयार भई परीक्षण गरिएको ।
- ASYCUDA WORLD को मेची भन्सार कार्यालयमा परीक्षण कार्य सम्पन्न भएको ।
- भन्सार विभागका महानिर्देशक र १३ वटा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत बीच कार्य सम्पादन सम्झौता गरिएको ।
- Middleware SO Class, Internet and Intranet, IP camera आदि जडान कार्यका लागि सम्झौता सम्पन्न भएको ।
- जोखिम व्यवस्थापन सम्वन्धी एक कार्यशाला गोष्ठी सम्पन्न गरिएको ।
- मोरङ र सुनसरी जिल्लामा अवस्थित ३ वटा वण्डेड वेयर हाउसको आकस्मिक रुपमा स्थलगत निरिक्षण गरिएको ।
- मेची भन्सार कार्यालयको Time Release Study को WCO Software मा Data Entry को कार्य सम्पन्न गरिएको ।
- आ.व. २०७३।०७४ को बजेट वक्तव्यमा उल्लेखित भन्सार सम्वन्धी बुँदाहरुको कार्ययोजना तयार गरिएको ।
- भन्सार प्रज्ञापनपत्र पुनरावलोकन निर्देशिका २०७३, तयार गर्न भैरहवा भन्सार कार्यालयमा छलफल कार्यक्रम सम्पन्न गरिएको ।

- सवारी साधनको PCA गर्न संयुक्त कार्यदल गठन गरिएको ।
- विभिन्न माध्यम (सेवाग्राही स्वयं उपस्थिति, टेलिफोन सम्पर्क र ईमेल) वाट जम्मा ८३२ जना सेवाग्राहीवाट सोधिएका मुख्य मुख्य प्रश्नहरुको जवाफ प्रदान गरिएको ।
- ASYCUDA WORLD को कार्यान्वयनको लागि Dry Port Customs मा कार्ययोजना तयार गरिएको ।
- ASYCUDA WORLD Gate Control System को विकास र यसको परिक्षण गरिएको ।
- SASEC ASYCUDA Subregional network (SASUN) को स्थापनाको लागि सो संयन्त्रको संरचना र कार्यक्षेत्र सम्वन्धी खाका तयार गर्न चार देशीय ( BMNS- Bangladesh, Maldives, Nepal and Srilanka) कार्यशाला सम्पन्न भएको ।
- ASYCUDA World को Prepayment features कार्यान्वयन गर्न Documentation तयारीको क्रममा रहेको ।
- UNCTAD mission सँग AW( ASYCUDA WORLD) को कार्यान्वयन प्रगति र समिक्षा बैठक सम्पन्न भएको ।
- Data Centre स्थापना प्रकृया सुरु र त्यस सम्वन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय तालिम सम्पन्न भएको ।
- EXIM Code को सफ्टवेयर विकास गर्न परामर्श, त्यसको PCS द्वारा प्रणाली प्रदर्शन तथा त्यसको Finalization को अवस्थामा रहेको ।
- SGS को Outstanding Payment को लागि विश्व बैंकबाट No objection प्राप्त गर्नका लागि PCO (Project coordination office ) लाई अनुरोध गरियो ।
- SGS को कार्यप्रणालीलाई प्रभावकारी बनाउन Outstanding Payment को व्यवस्थापनको लागि Joint Team द्वारा प्रतिवेदन पेश गरिएको ।
- आर्थिक वर्ष २०७३।०७४ को आर्थिक विधेयक अनुसार भएका परिवर्तनलाई ASYCUDA प्रणालीमा अद्यावधिक गर्ने काम गरिएको ।
- आर्थिक वर्ष २०७३।०७४ को आर्थिक विधेयक अनुसार भएका विभिन्न परिवर्तनलाई ASYCUDA प्रणालीमा अद्यावधिक पश्चात विभिन्न भन्सार कार्यालयहरुमा पर्न आएका समस्याहरु संकलन गर्दै समाधान तथा निराकरण गर्ने काम गरिएको ।
- न्युन विजकीकरणको सामान खरिद गर्न वीरगंज भन्सार कार्यालयलाई पत्र लेखी पठाएको।
- कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली (PBIMS) को Online Reporting and Monitoring गर्ने सम्वन्धमा बीरगंज,भैरहवा र त्रि.वि.स्थल भन्सार कार्यालयमा एक (१) दिने तालिम सम्पन्न गरिएको ।
- राष्ट्रिय भन्सार व्यापार सहजीकरण समितिको बैठक सम्पन्न गरिएको ।

- पाँचौ चरणको भन्सार सुधार आधुनिकीकरण रणनीति तथा कार्ययोजना (२०१७-२०२१) को प्रारम्भिक चरणमा छलफल गरी खाका तयार गरिएको ।
- आर्थिक ऐन, २०७२ को दफा १८ र आर्थिक विधेयक २०७३ को दफा १९ बमोजिम पटके रुपमा विभिन्न वस्तुहरुमा दिइएको महसुल छुटको विवरण अद्यावधिक गरिएको ।
- अर्थ मन्त्रालयवाट स्वीकृत विभिन्न आयोजनाहरुको Master List अनुसार दिइएको छुटको विवरण अद्यावधिक गरिरहेको ।
- आर्थिक ऐन २०७३ ले गरेका परिवर्तन समेत समावेश गरी भन्सार महसुल दरवन्दी नेपाली, अंग्रेजी र एकिकृत महसुल दरवन्दी प्रकाशन गर्ने कार्य भईरहेको ।
- आर्थिक ऐन २०७३ ले गरेका परिवर्तन समेत समावेश गरी भन्सार ऐन , नियमावली र गुण्टा झिटी भारी आदेश नेपाली/अंग्रेजी पुस्तक प्रकाशन गर्ने कार्य भईरहेको ।
- गौर र सर्लाही भन्सार कार्यालयमा कार्यरत कर्मचारी र भन्सार एजेन्ट तथा प्रतिनिधिहरुको लागि ASYCUDA++ सम्वन्धी अधारभुत तालीम संचालन गरिएको ।
- आसिकुडा वर्ल्डका लागि कम्प्युटर एण्ड पेरिफेरोस, RDBMA, सर्वर स्टोरेज डिभाइस, मोडुलर डाटा सेन्टर, SO Class खरिद सम्पन्न गरिएको।
- पिफ्याव भवन निर्माण तथा चमेना गृह निर्माण कार्य सम्पन्न गरिएको ।
- EDX मेसिन खरिद गरिएको ।
- भैरहवा, विराटनगर र नेपालगंज केन्द्र पारी सो वरिपरिका अन्य भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत, भन्सार अधिकृत र लेखा समेतको प्रतिनिधित्व हुने गरी बजेटको उद्देश्य, प्राथमिकता र आर्थिक एनले गरेका भन्सार दरवन्दी परिवरर्तन सम्वन्धमा जानकारी प्रदान गरी बजेट कार्यान्वयन गोष्ठी सम्पन्न भएको ।
- भन्सार विभागका महानिर्देशक, उपमहानिर्देशक तथा सवै निर्देशकहरुको सहभागीतामा भएको बजेट कार्यान्वयन गोष्ठी सम्पन्न भएको ।
- मेची, विराटनगर, बीरगंज र त्रि.वि. भन्सार कार्यालयमा रहेका सेवाग्राही सेवा कक्षको कार्य प्रभावकारिताको अनुगमन अध्ययन सम्पन्न भएको ।
- प्रज्ञापनपत्रको पुनरावलोकन निर्देशिका तयार गरी स्वीकृत कार्य सम्पन्न भएको ।

**(च) सूचना अधिकारीको नाम र पदः- सूर्यप्रसाद सेडाईं, निर्देशक**

**(छ) ऐन, नियम, विनियम र निर्देशिकाहरुको सूचीः-**

**ऐनहरुको सूचीः**

- भन्सार ऐन, २०६४
- सालवसाली आर्थिक ऐनहरु
- विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९
- सार्वजनिक खरिद ऐन, २०६३
- करार ऐन, २०५६
- निकासी पैठारी नियन्त्रण ऐन, २०१३
- राजस्व चुहावट नियन्त्रण ऐन, २०५२
- मू.अ.कर ऐन, २०५२
- अन्तःशुल्क ऐन, २०५८
- वातावरण संरक्षण ऐन, २०५३

**नियमहरुको सूचीः**

- भन्सार नियमावली, २०६४
- विदेशी विनिमय नियमहरु, २०२०
- सार्वजनिक खरिद नियमावली, २०६४
- निकासी पैठारी नियमहरु २०३४
- राजस्व चुहावट (अनुगमन तथा नियन्त्रण) नियमावली २०७०
- मू.अ.कर नियमावली २०५३
- अन्तःशुल्क नियमावली २०५९

**विनियम, निर्देशिका वा आदेशहरुको सूचीः**

- जाँचपास पछिको परीक्षण कार्यविधि २०७२
- न्यून विजकीकरणको सामान खरिद गर्ने निर्देशिका, २०६६
- कर्मचारी सरुवा निर्देशिका २०७१

- भन्सार मूल्यांकन निर्देशिका २०६८
- भन्सार कार्यविधि, २०६७
- भन्सार कार्यालयवाट जाँचपास भएका मालवस्तुहरु सीलबन्दी कन्टेनरवाट ढुवानी गर्ने र ढुवानी साधन पैठारी गर्न प्रकृया सम्बन्धी कार्यविधि, २०७१
- नीजि गुण्टा झिटी भारी सम्बन्धी सूचना २०७१ र २०७३
- निकासी पैठारी सम्बन्धी वाणिज्य तथा आपूर्ति मन्त्रालयको नेपाल राजपत्रमा मिति २०६६/०७/१६ मा प्रकाशित सूचना ।
- भन्सार विभागको प्रयोगशालाको संक्षिप्त कार्यविधि - २०७१
- UN Convention against Tariff in Narcotic Drugs and Psychotropic substances, 1998.
- Single Convention on Narcotics Drugs, 1961
- Convention on International Trade in Endangered Species of Wild Fauna and Flora (CITES)
- WCO GATT Valuation Guidelines
- WCC SAFE Framework Guidelines
- WCC PCA Guidelines Volume I
- WCC PCA Guidelines Volume II
- WCO HS Classification and Nomenclature
- परिपत्र संग्रह

**(ज) आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरणः-**

| | **शिर्षक नं.** | **निकासा** |
|---|---|---|
| बैशाख देखि असार महिनासम्म चालु तर्फ | ३०५०१८३ | रु. १५३५२४३३।५४ |
| बैशाख देखि असार महिनासम्म चालु तर्फ | ३०५३२१३ | रु. १३०४०४३७।०० |
| बैशाख देखि असार महिनासम्म पुंजीगत तर्फ | ३०५०१८४ | रु. ५२५३६५५।०० |
| बैशाख देखि असार महिनासम्म पुंजीगत तर्फ | ३०५३२१४ | रु. ८७१०५३१७।६३ |

**बैशाख देखि असार महिनासम्म कूल राजस्व आम्दानी रु. ७२३०५३०००००।००**

(विभाग अन्तर्गत कार्यालयहरुको अभिलेख अनुसार)